# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (५), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, मंसिर ०१ गते २०७८ साल, संख्या ९**

## भाग-२

**नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, कार्यविधि तथा निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

**अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि ( दोस्रो संशोधन ) २०७८**

**कार्यपालिकाबाट स्वीकृत मिति-२०७८/०७/३०**

अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि 207७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि 207७को दफा ८ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरकार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

**1.संक्षिप्त नाम र प्रारम्भ:** (1) यो कार्यविधिको नाम अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि ( दोस्रो संशोधन ) २०७८ हुनेछ ।

(2) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन गरे पश्चात प्रारम्भ हुनेछ।

**२. अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि २०७७को दफा २ (६) मा संशोधन: अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि** 207७ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा २(६) र मा "साथै नेपाल सरकारले तोके बमोजिम वार्षिक औसत आम्दानी भन्दा कम आय भई स्वास्थ्य शिक्षा र रोजगारमा सहज पहुच नभएको नागरिकलाई सम्झनु पर्छ" भन्ने शब्दहरु हटाइ "***वार्षिक आम्दानी एक लाख भन्दा कम भएको, शिक्षा तथा स्वास्थ्यमा पहूच नभएको परिवारका सदस्यलाई अति विपन्न नागरिक सम्झनु पर्छ"*** भन्ने वाक्य थप गरिएका छन्।

**३. मूल कार्यविधिको परिच्छेद २ दफा ३मा संशोधन:** मूल कार्यविधिको परिच्छेद २ दफा ३मा "विपन्न नागरिकलाई आर्थिक सहायता दिने" भन्ने वाक्य अगाडी ***"अति"*** भन्ने शव्द थपिएको छ।

**४. मूल कार्यविधिको परिच्छेद २ दफा ३ उपदफा २मा संशोधन:**

**१.**मूल कार्यविधिको परिच्छेद २ दफा ३ उपदफा २मा "विपन्न नागरिकले औषधी उपचार वापत" भन्ने वाक्य अगाडी ***"अति"*** भन्ने शव्द थपिएको छ।

**2.**मूल कार्यविधिको परिच्छेद २ दफा ३ खण्ड ग मा "बिरामी"भन्ने शब्द पछि ***"अति"*** शव्द थप गरिएको छ।

3. मूल कार्यविधिको परिच्छेद २ दफा ३ खण्ड घ मा "सम्बन्धित वडा कार्यालयको सिफारिस" अघि ***"यस कार्यविधिको अनूसूची १ बमोजिमको ढाँचामा"*** भन्ने शव्द थप गरिएको छ।

3. मूल कार्यविधिको परिच्छेद २ दफा ३ खण्ड घ मा "सम्बन्धित वडा कार्यालयको सिफारिस" अघि ***"यस कार्यविधिको अनूसूची १ बमोजिमको ढाँचामा वडा समितिको निर्णयको प्रतिलिपि सहित"*** भन्ने शव्द थप गरिएको छ।

**५. मूल कार्यविधिको परिच्छेद २ दफा ३ उपदफा ३मा संशोधन:** मूल कार्यविधिको परिच्छेद २ दफा ३ उपदफा ३मा "विपन्न नागरिकहरुलाई औषधि उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनका लागि निर्णय तथा सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको सिफारिस समिति रहनेछ" भन्ने वाक्य अगाडी ***"अति"*** भन्ने शब्द थप गरिएको छ।

**६. मूल कार्यविधिको परिच्छेद २ दफा ३ उपदफा ४मा संशोधन:** मूल कार्यविधिको परिच्छेद २ दफा ३ उपदफा ४ खण्ड क मा "विपन्न नागरीकले" भन्ने शव्द हटाइएको छ।

**७. मूल कार्यविधिको परिच्छेद २ दफा ३ उपदफा ५मा संशोधन:** मूल कार्यविधिको परिच्छेद २ दफा ३ उपदफा ५मा "विपन्न नागरिकलाई स्वास्थ्य उपचारका लागि यस कार्यबिधि बमोजिम दिइने आर्थिक सहायता उपचार अघि वा उपचार हुदै गर्दा वा उपचार पछि पनि दिन सकिने छ" भन्ने वाक्य अगाडी ***"अति"*** भन्ने शब्द थप गरिएको छ।

**८. मूल  कार्यविधिको परिच्छेद ३ दफा ४ उपदफा ३मा संशोधन:** मूल कार्यविधिको परिच्छेद ३ दफा ४ उपदफा ३मा "विपन्न" भन्ने शब्दको अगाडी ***"अति"*** भन्ने शब्द थप गरिएको छ।

**९. मूल  कार्यविधिको परिच्छेद ३ दफा ५ मा संशोधन:** मूल कार्यविधिको परिच्छेद ३ दफा ५ उपदफा १ खण्ड ग मा "विपन्न" भन्ने शब्दको अगाडी ***"अति"*** भन्ने शब्द थप गरिएको छ।

**१०. मूल  कार्यविधिको परिच्छेद ५ दफा ७ मा संशोधन:** मूल कार्यविधिको परिच्छेद ५ दफा ७ उपदफा २ मा "विपन्न" भन्ने शब्दको अगाडी ***"अति"*** भन्ने शब्द थप गरिएको छ।

**1१.मूल कार्यविधिमा अनूसूचीमा संशोधन:** मूल कार्यविधिमा देहायको ***अनूसूची १*** थप गरिएको छ।

अनुसूची-१

अति विपन्न नागरिक आवेदन तथा सिफारिस फाराम

श्री सूर्योदय नगरपालिका,
फिक्कल,ईलाम
.........................................................
देहाय वमोजिम विवरण भरी विपन्न नागरिक औषधी उपचार सहुलियतका लागि अनुरोध गर्दछु ।

| | | |
|---|---|---|
| १ | वैयक्तिकः<br>विरामीको नामः उमेर लिङ्गः<br>ठेगानाः स्थायी जिल्ला पालिकाः वडा नं.;<br>परिवार संख्याः<br>घर मूलिको नामः-<br>परिवार संख्याः .......परिवार सदस्यको नाम<br>(क).......................................(ख)..........................................<br>(ग).......................................(घ)......................................... (ङ).......अन्य भए क्रमश थप गर्ने । | |
| २ | आयस्रोतः .................................................(विवरण खुलाउने)<br>परिवारको वार्षिक आम्दामीः- एक लाख भन्दा कम भएको | |
| ३ | शिक्षा तथा स्वास्थ्यमा पहुँच नभएको... ☐ | |
| ४ | जग्गा जमिन (क्षेत्रफल र स्थान समेत)<br>- भौतिक संरचनाः (घर/टहरा आदिको संख्याः कच्ची / पक्कीः)<br>- सवारी साधनः<br>- बैंक मौज्दातः<br>- सुन चाँदिः<br>- नगदः | |
| ५ | संलग्न कागजातहरुः(क) विरामीको नागरिकताको प्रतिलिपी (वालकको हकमा जन्म दर्ताको प्रतिलिपी) (ख) रोग निदान भएको प्रेस्किप्सन (ग) वडा समितिको निर्णयको प्रतिलिपी (बहुमत सदस्यले निर्णय गरेको हुनुपर्ने) | |

**आधारभुत तथा माध्यमिक शिक्षा नियमावली ( दोस्रो संशोधन ) २०७८**

**कार्यपालिकाबाट स्वीकृत मिति-२०७८/०७/३०**

आधारभुत तथा माध्यमिक शिक्षा नियमावली २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले **आधारभुत तथा माध्यमिक शिक्षा नियमावली** २०७६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरकार्यपालिकाले देहायको नियमावली बनाएको छ।

**1.संक्षिप्त नाम र प्रारम्भ:** (1) यो नियमावलीको नाम **आधारभुत तथा माध्यमिक शिक्षा नियमावली ( दोस्रो संशोधन ) २०७८** हुनेछ।

(2) यो नियमावली कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन गरे पश्चात प्रारम्भ हुनेछ।

**२. यस नगरपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा नियमावली २०७६ को नियम २६ को उपनियम ४ मा संशोधन :** नियमावलीको नियम २६ को उपनियम ४ मा भएको सामुदायिक विद्यालय व्यवस्थापन समितिको कार्यअवधि (कार्यकाल) ४ वर्षलाई संशोधन गरी ३ वर्ष बनाईएको छ।

आज्ञाले

योगनिधि भट्टराई

निमित्त प्रमुख प्रशासकीय अधिकृत